जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २५० २०८० साल बैशाख २६ गते मंगलबार (9 May 2023 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

*यस अंक भित्र :* २ पृष्ठमा : साइबर स्पेस नियमनमा बहुपक्षीय... ३ पृष्ठमा : बजेट निर्माणमा दुई ... ३ पृष्ठमाएक करोड ४० लाख व्यक्तिद्वारा ...

## लुगा फुकालेर संसदमै सांसद सिंहले जनाए विरोध



**दैनिक समाचारदाता**
**काठमाडौं, २५ बैशाख ।**

प्रतिनिधिसभाको सोमबारको बैठकमा आकस्मिक समयमा बोल्न नदिएको भन्दै स्वतन्त्र सांसद अमरेशकुमार सिंहले लुगा फुकालेर विरोध जनाएका छन् ।

सभामुख देवराज घिमिरेले बैठकको सुरुमै सोमबार आकस्मिक समय नरहेको र सोझै कार्यसूचीमा प्रवेश गर्ने बताएपछि केही सांसदहरूले बैठकमा उभिएर त्यसको विरोध जनाएका छन् ।

सांसद सिंहले पनि आकस्मिक समयमा बोल्न पाउनुपर्ने भन्दै सभामुखलाई आग्रह गरे पनि सभामुख घिमिरेले उनलाई बोल्ने समय उपलब्ध नगराएकाले बस्न भनेका थिए । तर सांसद सिंहले आफूले लगाएको सर्ट फुकालेर विरोध जनाए ।

सांसद सिंहले संसद्को मर्यादाविपरीत क्रियाकलाप गरेको भन्दै सभामुख घिमिरेले प्रतिनिधिसभा नियमावली २०७९ को नियम ३० अनुसार पटकपटक चेतावनी दिएपछि सांसद सिंह आफ्नो स्थानमा बसे ।

यसैबीच बैठकको शून्य समयमा बोल्दै सांसद अच्युतप्रसाद मैनालीले यस्तो क्रियाकलाप संसदीय अभ्यासविपरीत रहेको धारणा राखेका छन् । एमालेका सांसद अच्युत मैनालीले सांसद अमरेशकुमार सिंहको स्वास्थ्य जाँच गर्नुपर्ने माग समेत राखे ।

संसदमा जे गतिविधि देखिएको छ त्यसको लागि मनानीय सदस्यको स्वास्थ्य जाँच गर्नुपर्ने माग मैनालीले राखे ।

## ओभरटेक गर्ने क्रममा ट्रकमा मोटरसाइकल ठोकियो, ट्याक्टरको ठक्करबाट साइकलमा सवार युवती घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २५ वैशाख ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ३ शम्भुनाथ मन्दिर गेट अगाडी सोमबार ओभरटेक गर्ने क्रममा ट्रकमा मोटरसाइकल ठोकिएर दुर्घटना भएको छ ।

पुर्व पश्चिम राजमार्गमा पुर्वबाट पश्चिमतर्फ जादै गरेको ना.४ख.९७९२ नं को ट्रकलाई सोही दिशाबाट जादै गरेको स.८प.४२८४ नं.को मोटरसाइकल पछाडीबाट ओभर टेक गर्ने क्रममा ठोकिदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा ट्रक चालक मकवानपुर उपमहानगरपालिका ११ महगघापर टोल बस्ने २२ वर्षिय किरण लामा, सहचालक २३ वर्षिय सुर्य लामा र मोटरसाइकल चालक शम्भुनाथ ३ बस्ने ५० वर्षका मनोज चौधरी घाइते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

तीनै जनाको युनिक अस्पताल रुपनी उपचार भइरहेको तथा ट्रक र मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै सोमबारै जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका ५ स्थित हनुमाननगर भारदह सडक खण्डमा ट्याक्टरले साइकलमा सवार एक युवतीलाई ठक्कर दिएको छ ।

हनुमाननगरबाट भारदहतर्फ जादै गरेको स.१त.७०७३ नम्बरको ट्र्याकटरले बिपरित दिसा तर्फबाट आउदै गरेको सोही नगरपालिका ६ बस्ने १८ वर्षिया भुवनेश्वरी कुमारी मण्डल घाइते भएको प्रहरीले जनाएको छ ।

उनको कम्मरको दाहिने भागमा चोट लागेकोले स्थानीय पाथिभारा मेडिकलमा उपचार भइरहेको तथा ट्याक्टर प्रहरीले नियन्त्रणमा लिई फरार रहेका चालकको खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## मदिरा तस्करी गर्ने दुई व्यक्तिसहित चार मोटरसाइकल प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**महोत्तरी, २५ वैशाख ।**

महोत्तरीको मनरासिश्वा नगरपालिकाबाट भारततर्फ मदिरा तस्करी गर्न लागिएको अवस्थामा आइतबारराति प्रहरीले दुई जनासहित चार मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीका अनुसार मनरासिश्वा १० स्थित नेपाल भारत सीमा नजिकै भारतीय नम्बरका चार मोटरसाइकलको पछाडि ११ कार्टुन मदिरा बाँधेर नेपालबाट भारततर्फ तस्करी गर्न लागिएको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको हो ।

सोही क्रममा दुई जना प्रहरीलाई देखेर मोटरसाइकल र मदिरा छाडेर भाग्न सफल भएका थिए । बीआर ०३ के ५४३३, बीआर ३०भी ८०९५, बीआर ०६ एडब्लु ८९१७ र बीआर ३० आर ०४३४ नम्बरका मोटरसाइकल र मदिरासहित नियन्त्रणमा लिइएको हो । बरामद मोटरसाइकल र मदिरा रु तीन लाख २९ हजार नौ सय बराबरको रहेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका व्यक्तिसहित मोटरसाइकल र मदिरा आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय जलेश्वरमा बुझाइएको छ ।

## स्थानीय तहका पदाधिकारी र कर्मचारीलाई विदेश भ्रमणमा कडाइ

काठमाडौं, २५ वैशाख (रासस) ।

सरकारले स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई विदेश भ्रमणमा कडाइ गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक परिपत्र जारी गर्दै स्थानीय तहका पदाधिकारी एवं कर्मचारीलाई कार्यक्रम स्वीकृत नगराइ जथाभावी विदेश भ्रमणमा नजान आग्रह गरेको हो ।

यसअघि भएका यस्ता वैदेशिक भ्रमणका कतिपय कार्यक्रमको औचित्य नदेखिएको भन्दै मन्त्रालयको उक्त परिपत्रमा आवश्यताका आधारमा मात्र वैदेशिक भ्रमणमा जान निर्देशन दिइएको छ । अत्यावश्यक र औचित्यपूर्ण अवस्थाबाहेक वैदेशिक भ्रमण स्वीकृतिका लागि नपठाउन पनि मन्त्रालयले जिल्ला समन्वय अधिकारी र पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिएको छ ।

विदेश भ्रमणबारे निर्णय गर्नुअघि देशको वर्तमान आर्थिक संवेदनशीलता, चालू आर्थिक वर्षको अन्तिम र नयाँ आर्थिक वर्षको बजेट निर्माणको महत्वपूर्ण समयलाई मनन् गर्न मन्त्रालयले जारी गरेको उक्त परिपत्रमा भनिएको छ । आधिकारिकता पुष्टि हुन नसक्ने तथा गलत कागजात तयार गरी विदेश भ्रमणमा गए या पठाइएमा त्यस्ता अनुरोध पत्रमाथि मन्त्रालयले कारवाही गर्ने चेतावनी पनि सो परिपत्रमा दिइएको छ ।

## कोशी प्रदेशको पुनः नामकरणको माग गर्दै आन्दोलनका कार्यक्रम घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, २५ बैशाख ।**

कोशी प्रदेश नाम खारेजी र पुनः नामकरणको माग गर्दै आन्दोलित प्रदेश नं. १ पुनः नामाङ्कन संयुक्त संघर्ष समितिले आन्दोलनको नयाँ कार्यक्रम घोषणा गरेको छ ।

आन्दोलनको कार्यक्रमहरुमा कोशी नाममा हस्ताक्षर गर्ने सांसदहरु र दलका शीर्ष नेताहरुका विरुद्धमा विरोध जारी रहेको भूमिमा उनीहरुलाई बहिष्कार गर्ने उल्लेख गरिएको छ ।

त्यस्तै वैशाख २६ गते झापाको दमकमा सांकेतिक रााँके जुलुस प्रदर्शन गरिने भएको छ भने वैशाख २८ गतेदेखि प्रदेश सभाका ८२ जना सांसद र उनीहरुका शीर्ष

*बाँकी अन्तिम पृष्ठमा*

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

## सम्पादकीय

### वनजंगल मासिदै गएकोप्रति गम्भिर बनौं

हाम्रो देश नेपालको अधिकांश क्षेत्र वनजंगलले ढाकिएको छ । जसकारण हरियो वन नेपालको धन भनिन्छ । तर, अहिले यो वन माफियाका कारण मासिदै जाँदा पनि सरकार गम्भिर बन्न सकिरहेको छैन् । यस्तै नेपाल जलश्रोतमा विश्वकै ब्राजिलपछि दोश्रो धनी मुलुक हो । अझ यसलाई बुझ्दा नेपाल कृषि प्रधान देश पनि हो । तर यी सबै अहिले बोलीमै सीमित हुँदै गएको छ ।

बास्तविकता भन्दा नेपाल अहिले धेरै पछाडी परिसकेको छ । वन तस्करहरुले वनलाई मास्दै गएका छन् भने उचित साधनश्रोतको अभावमा जल त्यतीकै खेर गइरहेको छ भने सिंचाई तथा मलखादको अभावमा हाल कृषि क्षेत्रमा पनि ह्रास आएको छ । तीनैको अवस्था कहालिलाग्दो रहेको छ । नदीनालाले भरिएको देशमा किसानले पर्याप्त सिँचाई सुविधा पाएका छैनन्, खेतीयोग्य हरिया खेतवारी खडेरीको रुपमा परिणत भइरहेको छ । नदीनालाहरुबाट पर्याप्त विजुली उत्पादन गरेर आफु उपयोग गर्ने सामर्थ रहेपनि वर्षायाममा सिँचाईको अभाव हुने गरेको छ । खेतियोग्य जग्गामा सिँचाई हुन पाइरहेको छैन । नहर छ तर व्यवस्थित छैन । निर्माण र मर्मत भईरहेको छैन । किसानहरु वर्षाको अभावका कारण जेनतेन अन्य बैकल्पिक उपायबाट आंशिक रोपाई गरेपनि सिँचाईको समुचित व्यवस्था भने गर्न सकिएको छैन ।

हाम्रो देशको यो अवस्था कसरी आयो ! राजनीतिक दलहरु यस विषयमा कहिले गम्भिर भएनन् मात्र राजनीतिक दाउपेचमा अडकिए । तसर्थ मुलुकका सम्पूर्ण राजनीतिक दलहरु यसप्रति गम्भिर हुनु आवश्यक छ ।

# साइबर स्पेस नियमनमा बहुपक्षीय सहकार्यको खाँचो

**नारायणप्रसाद घिमिरे**

काठमाडौँ, २५ वैशाख (रासस) ।

नेपालमा छैटौँ सूचना तथा सञ्चार प्रविधि दिवस (आइसिटी डे) केही दिनअघि मनाइयो । सरकारी निकाय र सूचना प्रविधिका क्षेत्रमा काम गर्ने विभिन्न निजी सङ्घसंस्थाले यो दिवस विशेष महत्वका साथ मनाएका छन् ।

कतिपय नागरिक संस्थाले अझै पनि सूचना तथा प्रविधि क्षेत्रका जल्दाबल्दा विषयमा अनेका बहस गरिरहेकै छन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले हालै सार्वजनिक गरेको राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० को मस्यौदामा विभिन्न क्षेत्रबाट आफ्ना सरोकारका विषयमा मन्त्रालयको ध्यानाकर्षण गराउनेक्रम पनि जारी छ ।

यस पटकको आइसिटी डे विशेष पृष्ठभूमिमा मनाइएको छ । विशेष यो अर्थमा कि हाल नेपालमा कानुन निर्माणका लागि नयाँ संसद् छ । नयाँ साइबर सुरक्षा नीतिको मस्यौदा सार्वजनिक भई पृष्ठपोषणका क्रममा छ । अघिल्लो संसद्मा पेस भए पनि टुङ्गोमा नपुगेको विधेयक जस्तै आइसिटी विधेयक पुनःमस्यौदा गरी संसद्मा पेस गर्नुपर्नेछ । साथ, केही समयदेखि देशमा साइबर आक्रमण र साइबर अपराधका अनेक घटना बढेर गएका समाचार आएका छन् ।

पृष्ठभूमिका यी विविध पक्षलाई नियाल्दा नेपालमा आइसिटी विषय अत्यन्त पेचिलो बन्दै गएको स्पष्ट हुन्छ । यसको अर्थ समयसँगै तीव्र गतिमा विकसित हुने आइसिटीको ज्ञान, यस क्षेत्रमा सीप र क्षमता विकास र यसको बहुपक्षीय आयामलाई उचित अभ्यासमार्फत् समाज र राष्ट्र निर्माणका लागि बृहत् बहस गर्न अब ढिलो गर्नै हुँदैन । अन्य मुलुकले चौथो औद्योगिक क्रान्तिबाट भरपुर फाइदा लिइरहेका बेला नेपाल भने वामेसर्ने अवस्थामा रहिरहनु दुःखको कुरा हो ।

आइसिटीका बहुपक्षीय आयाममाथि जति छलफल गरे पनि कम हुन्छ । अझ हाम्रो जस्तो कमजोर आइसिटी भएको देशमा त यी विषयमा छलफल चलाउन, अनुभव साट्न, र सीप र ज्ञान हासिल गर्न कुनै विषेश दिन कुर्नु उचित होइन । बुझाइ सहजताका लागि यस आलेखमा 'आइसिटी' शब्दमा इन्टरनेट, साइबर र डिजिटल तीनवटै क्षेत्रका विषयलाई सङ्केत गरिएको छ । इन्टरनेट, साइबर र डिजिटल यी तीन शब्द केही फरक भए पनि कतिपय ठाउँमा यी शब्द एकै अर्थ लाग्ने गरी प्रयोग गरेको पनि पाइन्छ । यो आलेखले आइसिटी प्राविधिक पक्षभन्दा पनि सामाजिक र आर्थिक पक्षसँग चर्चा गर्ने भएकाले यी शब्दको परिभाषाको खोजी गरिएको छैन ।

बुझाइ सहजताका लागि यस आलेखमा 'आइसिटी' शब्दमा इन्टरनेट, साइबर र डिजिटल तीनवटै क्षेत्रका विषयलाई सङ्केत गरिएको छ । इन्टरनेट, साइबर र डिजिटल यी तीन शब्द केही फरक भए पनि कतिपय ठाउँमा यी शब्द एकै अर्थ लाग्ने गरी प्रयोग गरेको पनि पाइन्छ । यो आलेखले आइसिटी प्राविधिक पक्षभन्दा पनि यसलाई मानवअधिकारको पक्षसँग जोडेर चर्चा गरिएकाले यी शब्दको परिभाषाको खोजी गरिएको छैन ।

जे होस्, आइसिटी तीव्र गतिमा विकसित हुने विषय भएकाले सोहीअनुरुप हाम्रो अवधारणा पनि परिवर्तन हुनु स्वाभाविक हो । त्यसैगरी यसको अवसरको उपयोग र नकारात्मक पक्षको नियन्त्रणका लागि उचित क्षमता विकासमा जोड दिनु आवश्यक छ । हाम्रा आइसिटी व्यवहार कानुनी दायराभन्दा बाहिर हुन सक्दैनन् । इन्टरनेट र यसका पूर्वाधारको क्रमिक विस्तारसँगै नेपालमा पनि हाम्रा दैनिक क्रियाकलाप दिन प्रतिदिन डिजिटल स्पेसमा बढ्दै गएका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणको अद्यावधिक म्यानेजमेन्ट इन्फर्मेसन रिपोर्ट ( एम्आइएस्) अनुसार नेपालमा जनसङ्ख्याको १३१.५१ प्रतिशतमा ब्रोडब्यान्ड इन्टरनेटको पहुँच छ । यसले गर्दा डिजिटल स्पेसमा नेपालीहरुको उपस्थिति ह्वात्तै बढेको छ । नेपालमा एक करोड ३० लाख बढी फेसबुक प्रयोगकर्ता र १५ लाख बढी टि्वटर प्रयोगकर्ता छन् भन्ने अनुमान छ । हाम्रा लागि पैसाको कारोबार, सरकारी सेवा, पढाइ सिकाइ, स्वास्थ्य परामर्श, तथा राइड सेयरिङ सर्भिसलगायतका लागि कैयौँ एप्स्, वेबसञ्जाल सञ्चालनमा छन् । यी आइसिटी क्षेत्रका महत्वपूर्ण उपलब्धि हुन् ।

सूचना प्रविधिले सिर्जना गरेको अवसरको सदुपयोग र चुनौतीको सामना गर्न हामीलाई उचित नीति, कानुन, संस्था र अभ्यास चाहिन्छ । यस्ता विषयको सही सम्बोधनका लागि बहुसरोकारवालासँग सहकार्य हुनुपर्दछ । यी विषयको सही सम्बोधनका लागि बहुसरोकारवालासँग सहकार्य हुनुपर्दछ । कानुन निर्माणको तह संसद्, विषय विज्ञ, कर्मचारी प्रशासन, निजी क्षेत्र, प्राविधिक पक्ष, नागरिक समाज, विश्वविद्यालय यसका सरोकारवाला हुन् । यस हिसाबले इन्टरनेट विस्तार र प्रयोग गर्ने सबै पेशाका मानिस नै यस विषयका सरोकारवाला हुन् । अतः सरकारले आइसिटी/डिजिटल/साइबर/इन्टरनेटसम्बन्धी नीति र कानुन यी माथिका सरोकारवालाको अर्थपूर्ण सहभागितामा बनाउँदा प्रभावकारी हुन्छ ।

आइसिटी केवल प्रविधिको मात्र विषय नभई समाजका विविध तप्कासँग सम्बन्ध राख्छ । अझ यसको प्रभाव 'डिस्रप्टिभ' ( हलचलकारी) हुन्छ । इन्टरनेट, डिजिटल युगको प्रभावले हरेक क्षेत्रको पुनःपरिभाषा आवश्यक भइसकेको छ । त्यसैले यससम्बन्धी नीति र कानुन निर्माणमा कुनै एक क्षेत्रको हाबी भयो भने अन्य पक्ष मारमा पर्छन् । बहुपक्षीय विषयमाथि हुने एक पक्षीय विश्लेषण र व्यवहारको नतिजा निस्प्रभावी नीति तथा कानुनमा छल्किन्छ ।

यतिखेर नेपालमा डिजिटल स्पेसको नियमन जोडतोडका साथ उठेको छ । लाखौँ नेपाली सामान्य सूचना आदानप्रदान मात्र नभई आफ्नो पढाइलेखाइ, व्यापार व्यवसाय, अभिव्यक्ति तथा प्रेस, मनोरञ्जन, छलफल र भेला सबै डिजिटल स्पेसमै सम्पन्न गरिरहेका छन् । साइबर स्पेसमा यी हाम्रा विभिन्न मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि नै यसमा बहुपक्षीय छलफल, संवाद, सहभागिता, अनुभव र विज्ञाता चाहिएको हो ।

कतिपयलाई लाग्न सक्छ, सबै अधिकार (अफलाइन) इन्टरनेटमा (अनलाइन) सुनिश्चित गर्न सकिँदैन । हो, कमजोर प्राविधिक क्षमता र पूर्वाधार विकास नहुँदा यो असम्भव हुनसक्छ । तर, भौतिकरुपमा प्रयोग हुने मानवअधिकार राज्यले साइबर स्पेस/अनलाइन अथवा इन्टरनेटमा पनि प्रत्याभूति गर्नुपर्छ भनी संयुक्त राष्ट्रसङ्घीय मञ्चमै एक दशकअघिदेखि वकालत भइसकेको छ । कतिपय राष्ट्रले त इन्टरनेटमा नागरिकको सहज पहुँचलाई आफ्नो कानुनमा सुनिश्चित गरिसकेका छन् । इस्टोनिया, ग्रिस, फ्रान्स, फिनल्याण्ड, कोष्टारिका, स्पेन आदि देशले इन्टरनेटमा पहुँचलाई विश्वव्यापी अधिकारका रुपमा कानुनीरुपमै सम्बोधन गरेका छन् र योक्रम बढ्दो छ ।

साइबर स्पेसमा हामीले यतिका अधिकार प्रयोग गरिरहँदा हामी यसमा कति सुरक्षित छौँ त्यत्तिकै महत्वको विषय हो । डिजिटल सुरक्षाका लागि प्रत्येक इन्टरनेट प्रयोगकर्तामा डिजिटल साक्षरता, सीप र ज्ञान हुनैपर्छ । व्यक्ति, उसको सूचना/डाटा र डिजिटल डिभाइस सुरक्षित भए मात्रै इन्टरनेटमा मानवअधिकारको सुनिश्चितता हुन्छ र चुनौतीको सामाना गर्न सकिन्छ । डिजिटल सुरक्षा सबै उमेर समूहका इन्टरनेट प्रयोगकर्तालाई चाहिने कुरा हो । डिजिटल साक्षरता, सीप र दक्षता कम भएको समुदाय र वर्गमा साइबर अपराधको जोखिम अधिक हुन्छ । अतःडिजिटल युगमा यससम्बन्धी साक्षरता र सुरक्षाबारे सिकाइ केबल डिजिटल अधिकारकर्मी र पत्रकारलाई मात्र नभई अभिभावक, शिक्षक, विद्यार्थीलगायत सबै पेसाका मानिसलाई उत्तिकै जरुरी छ ।

पछिल्लो समय नेपालमा बढ्दो साइबर आक्रमण र तथ्याङ्क चोरीको चुनौती हाम्रा लागि निकै जटिल बन्दै गएको छ । केही महिनाअघि नेपालको सरकारी डाटा सर्भरमा भएको डिडिओस (डिस्ट्रिब्युटेड डिनायल अफ सर्भिस) का कारण एक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पाँच घण्टासम्म ठप्प भएको थियो भने लोकसेवा आयोगले सुब्बा तथा अधिकृतको परीक्षाका लागि लिएको आवेदनमा प्राप्त डाटा चोरी हुनु निकै ठूलो साइबर अपराधका उदाहरण हुन् ।

आजको यस डिजिटल युगमा डाटा नै सम्पत्ति हो । तर आफ्ना नागरिकका डाटा (सम्पत्ति) असुरक्षित भएका घटनालाई सामान्यरुपमा लिन सकिँदैन । व्यक्तिको सम्पत्ति अर्थात् डाटामा अनधिकृत पहुँच हुनु भनेको उसको गोपनीयता हनन् हुनु हो । डाटा संरक्षणका लागि भरपर्दो सफ्टवेयर निर्माण, खरिद, भाइरस, स्पाइवेयर, मालवयर आदिको नियन्त्रण र सर्भरमा अहोरात्र निगरानी हुनु जरुरी छ । माथिका यस्ता दुर्घटनामा हाम्रा प्रयास कहाँ फेल खाए त ? कस्ता नीति, कानुनको अभाव भयो त ? यी कुराको गम्भीर समीक्षा हुनु पनि उत्तिकै आवश्यक छ । साइबर अपराध सीमापार अपराध पनि हो । त्यसको सामना गर्नका लागि हामी कत्तिको सार्मथ्य छौँ ? जस्तै, हाम्रो प्रविधिक-सुरक्षा संयन्त्र, नीति तथा कानुन, जनशक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वयको प्रभाकारिता कस्तो छ ?

विशेषगरी नेपालमा यतिखेर डिजिटल स्पेसमा अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता, डाटा संरक्षण, सिकाइ, नवप्रवर्तन, दुर्व्यवहार तथा हिंसा, र व्यापार व्यवसायमा राजस्व कायम गर्ने कुरा नै मुख्यरुपमा देखिएका छन् । अत्यमा, अधिकारको संरक्षण र सम्वर्द्धन, तथा चुनौतीको नियन्त्रणमा सहकार्यमूलक बहुपक्षीय प्रयास नै साइबर स्पेसको सन्तुलित नियमनको उपाय हुन सक्दछ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# बजेट निर्माणमा दुई पूर्वअर्थमन्त्रीको सुझाव

**सिबी अधिकारी**

काठमाडौँ, २५ वैशाख (रासस)।

सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेपछि अहिले सङ्घीय संसद्मा यस विषयमाथि छलफल सुरु भएको छ।

प्रतिनिधिसभाको बर्खे अधिवेशनको आइतबार भएको पहिलो बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले 'आव २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल गरियोस' भनी प्रस्तुत गर्नुभएको उक्त प्रस्तावउपर सदनमा सांसदहरुले आ-आफ्नो धारणा राखिरहनुभएको छ।

सभामुख देवराज घिमिरेले उक्त प्रस्तावमाथि लगातार तीन दिनसम्म छलफलका लागि समय निर्धारण गर्नुभएको छ। जसअनुरुप सोमबारको बैठकमा दलीय प्रतिनिधित्वका आधारमा सांसदहरुले धारणा राख्नुभएको हो।

सत्ता साझेदार नेपाली कांग्रेसका सांसद एवं पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का सांसद एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आवको बजेट कस्तो हुनुपर्छ भनी आफ्नो धारणा राख्नुभएको छ।

पूर्वअर्थमन्त्रीद्वयले मुलुकको अर्थतन्त्रको विद्यमान अवस्था, सम्भावित चुनौती र आगामी रणनीतिका सम्बन्धमा विचार व्यक्त गर्नुभएको छ। अर्थतन्लाई सुधारको दिशामा अघि बढाई रोजगारी सिर्जना र दिगो आर्थिक विकासका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा उहाँहरुको जोड छ।

कांग्रेसका सांसद एवं पूर्वअर्थमन्त्री कार्कीले आगामी बजेटको मुख्य उद्देश्य उत्पादन र रोजगारी वृद्धिमा केन्द्रित गर्न सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "स्रोतमा आएको सङ्कुचनका कारणले हामीलाई हौसिएर बजेट बनाउने सुविधा छैन। अहिलेको अवस्थामा लोकप्रिय हैन यथार्थपरक बजेट आवश्यक छ।"

विश्वअर्थतन्त्रमा कुनै न कुनै प्रभाव रहेको र त्यसको प्रभाव नेपालको अर्थतन्त्रमा पनि परेको उल्लेख गर्दै कार्कीले रोजगारी बढाउने, दिगो र सबल अर्थतन्त्रको विकास गर्ने अठोटका साथ बजेट आउनुपर्ने बताउनुभयो।

"मेरो विचारमा नेपालको अर्थतन्त्रले मुख्यतःतीन वटा गम्भीर सङ्कट छन्, जसमा कमजोर आर्थिक वृद्धि, बढ्दो मुद्रास्फीति र उपभोग्य वस्तुको बढ्दो आयात हो", उहाँले भन्नुभयो, "आन्तरिक उत्पादन र रोजगारीलाई सबल नबनाइ दिगो आर्थिक विकासको आधार तयार हुँदैन।"

"सरकारले चालु आवमा आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिइए पनि राष्ट्रिय तथ्याङ्क विभागले हालै सार्वजनिक गरेको विवरणमा आधारभूत मूल्यमा दुई दशमलव १६ प्रतिशत आर्थिक वृद्धि हुने प्रारम्भिक अनुमान गरेको छ। पुँजीगत खर्च अहिलेसम्म करिब ३१ प्रतिशतमात्रै भएको छ भने चालु खर्च बढेको छ। कूल रु दुई खर्ब ५२ अर्ब विदेशी ऋण ल्याउने लक्ष्य लिइएकोमा रु ४५ अर्ब मात्रै आएको छ। यद्यपि विप्रेषण र विदेशी मुद्राको सञ्चिति बढेकाले केही आशाजनक देखिएको छ", कार्कीले भन्नुभयो।

उहाँले ऊर्जा प्रवर्द्धन, कृषिको आधुनिकीकरण र पर्यटनको विकास गरेर मुलुकलाई आत्मनिर्भरको बाटोमा अघि बढाइनुपर्नेमा जोड दिनुभयो।

अर्थमन्त्री डा प्रकाशशरण महतले विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतामा आर्थिक वृद्धिदर हासिल गर्ने, रोजगारी बढाउने र दिगो र सवल अर्थतन्त्रको विकास गर्ने अठोट गर्नुभएकोप्रति स्वागत र समर्थन गर्नुभयो।

एमालेका सांसद एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्रका सम्भावित चुनौतीलाई सामना गर्दै मुलुकलाई आर्थिक समृद्धिको दिशामा अघि बढाउने लक्ष्यका साथ बजेटमा विषयवस्तु आउनुपर्ने बताउनुभयो।

उहाँले अर्थतन्त्रका परिसूचक नकारात्मक रहेको भन्दै सार्थक पहलकदमी नलिएको खण्डमा आर्थिक मन्दीको समस्या आउनसक्ने खतरा पनि औँल्याउनुभयो। सोही विषयलाई ध्यान दिएर विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा समावेश गरिनुपर्नेमा उहाँको जोड थियो।

पूर्वअर्थमन्त्री पौडेलले अर्थतन्त्रको विद्यमान चुनौतीको सामना गर्नेगरी बजेटमा विषयवस्तु समेटिनुपर्ने खाँचो औँल्याउनुभयो। सरकारी निकायबाट भएका अर्थसम्बन्धी तथ्याङ्कलाई सदनमा जानकारी गराएर सोहीअनुरुप नीतिगत सुधारका कार्यक्रम ल्याइनुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "सिद्धान्त र प्राथमिकतामा राजस्व परिचालनका सन्दर्भमा देखा परेका गम्भीर समस्याको पहिचान, कर प्रणालीलाई प्रभावकारी बनाउने, कर चुहावट नियन्त्रण गर्ने र सहकारीलाई व्यवस्थित गरिनुपर्छ जसले अर्थतन्त्रलाई सुधार्न मद्दत गर्छ।"

पूर्वअर्थमन्त्री पौडेलले राष्ट्रिय तथ्याङ्क कार्यालयले गत हप्ता प्रकाशन गरेको तथ्याङ्कअनुसार नेपाली अर्थतन्त्र मन्दीको अवस्थामा पुगेको भन्दै अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउन बजेट केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो। "अहिले अठोट गर्नुपर्छ नेपाली अर्थतन्त्र समस्यामा छ भन्दै सोहीलाई ध्यान दिएर बजेट प्रस्तुत गरिनुपर्छ", उहाँले भन्नुभयो।

पूर्वअर्थमन्त्री पौडेलले चालु आर्थिक वर्षका तीन त्रैमासमा कूल गार्हस्थ उत्पादन ऋणात्मक रहेकाले मुलुक आर्थिक मन्दीमा गएको पुष्टि भएको बताउनुभयो। यसलाई गम्भीरतापूर्वक लिएर सुधारका आयामको खाकासहित आगामी बजेटमा समेट्नुपर्ने उहाँको सुझाव छ।

उहाँले चालु आवको आर्थिक वृद्धिदरको लक्ष्य हासिल हुन कठिनाइ हुने देखिएको र कूल गार्हस्थ उत्पादनको बचत पनि खुम्चिएको तथा राजस्व सङ्कलन पनि राम्रो नभएको अवस्थामा मुलुकको अर्थतन्त्रलाई कसरी चलायमान बनाउने भन्ने चुनौतीपूर्ण रहेको बताउनुभयो।

सङ्घीय सञ्चित कोष पनि सन्तुलित नरहेको आजको अवस्थामा झण्डै रु दुई सय अर्बले ऋणात्मक रहेको, निर्यात कम र आयात घटे पनि उत्पादन वृद्धि र रोजगारी सिर्जना र पुँजी निर्माणसँग सम्बन्धित वस्तुको आयात रोकिँदा आयात घटेको जिकिर गर्नुभयो।

"बैंक क्षेत्रमा खराब कर्जा बढेको छ, राजस्व प्रभावकारीरुपमा सङ्कलन हुन सकेको छैन भने निजी क्षेत्र त्रासमा रहेका छन्", उहाँले भन्नुभयो, "लघुवित्त र सहकारी क्षेत्रका समस्या विकराल छन्। यस्ता समस्यालाई अर्थतन्त्रलाई खराब दिशामा लगिरहेको छ।" उहाँले निजी क्षेत्रको मनोबल उकास्ने गरी नीतिगत सुधार अपरिहार्य रहेको बताउनुभयो।

# आर्थिक विकासलाई केन्द्रमा राखेर बजेट ल्याउन सांसदहरुको ध्यानाकर्षण

काठमाडौँ, २५ वैशाख (रासस)।

राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदहरुले आर्थिक विकासलाई केन्द्रमा राखेर सरकारले आगामी आर्थिक वर्षको बजेटको प्राथमिकता निर्धारण गरेकामा प्रसन्नता व्यक्त गरेका छन्। जडीबुटी, वनजङ्गल तथा शिक्षा, स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गर्दै सांसदहरुले ठेक्कापट्टामा रहेको समस्या समाधानमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

सांसद मायाप्रसाद शर्माले विकास निर्माणमा देखिएको समस्या समाधानका लागि विशेष प्रबन्ध गर्नुपर्नेमा जोड दिनुभयो। सांसद दिलकुमारी थापा रावलले चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर तीन प्रतिशतको हाराहारीमा रहने अवस्था आएको सन्दर्भमा 'फराकिलो आर्थिक' भन्ने विषय प्रष्ट नभएको बताउनुभयो। दैनिक ठूलो सङ्ख्यामा युवा विदेश पलायन भइरहेको सन्दर्भमा देशभित्रै रोजगारीको प्रबन्ध गर्न, निजी क्षेत्रको समस्या समाधानमा मनोबल बढाउन उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो। सहकारीले निक्षेप लिएर भागेको, बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋण तिर्नुपर्दैन भनेर फैलाइएको अराजकता नियन्त्रणका लागि पनि उहाँले आग्रह गर्नुभयो।

सांसद कमला पन्तले मुलुकको अर्थतन्त्रमा देखिएको समस्या स्वयं अर्थमन्त्री र अर्थमन्त्रालयलाई नै थाहा भएकाले खास अर्थमा समाधानको उपाय अपनाउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "बिरोलो बाँधेर श्राद्ध' गर्नेतर्फ भन्दा पनि खास खास अर्थमा गर्न सकिने विषयलाई बजेटमा समावेश गरौँ। हाम्रोमा कार्यान्वयनमा समस्या छ। योजनामा होइन।"

सांसद पन्तले एकीकृत बस्तीको विकासमा ध्यान दिन र मानव जङ्गली जनवारबीचको द्वन्द्व समाधान गर्ने योजना ल्याउन, महिलालाई आर्थिक विकासमा लाग्ने वातावरण बनाउन, ओरालो लागेको शेयर बजारलाई उकालो लगाउने योजना बनाउन अर्थमन्त्रीको ध्यानाकर्षण गराउनुभयो। सांसद पन्तले एक हजार र पाँच सयको नोट तत्काल प्रतिबन्ध लगाउन माग गर्नुभयो।

यस्तै साधारण खर्च घटाएर पुँजीगत खर्च बढाउन देखिएका समस्या समाधान गर्नुपर्ने बताउनुभयो। नेपाल राष्ट्र बैंकले सधैँ मौद्रिक नीतिको समीक्षामा नकारात्मक विवरण मात्रै समावेश गरेर प्रकाशित गर्ने गरेकामा आपत्ति प्रकट गर्नुभयो। रासायनिक मल कारखाना स्थापना गर्ने प्रबन्ध बजेटमा गरिए त्यसले आम किसानको मनोबल बढाउने सांसद पन्तको भनाइ छ। सांसद सिंहदरबहादुर विश्वकर्माले ठूला भौतिक पूर्वाधार तथा ग्रामीण क्षेत्रको वृहत्तर विकास तथा विद्युत् खपत प्रोत्साहन गर्ने गरी बजेट विनियोजन गर्न सरकारलाई सुझाव दिनुभयो। नेपाललाई चलचित्र छायाङ्कनस्थलको विकास गर्ने गरी विशेष प्रबन्ध गर्न पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मृगेन्द्रकुमार सिंह यादवले जनसङ्ख्याको आधारमा बजेटको विनियोजन गर्नुपर्ने, समयमै कार्यान्वयनको प्रबन्ध गर्न, शिक्षा, स्वास्थ्य र कृषिमा उल्लेख्य मात्रामा खर्च गर्ने गरी व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद शेखरकुमार सिंहले जलविद्युत्मा मुलुकले ठूलो प्रगति गरेको भए पनि उद्योग धन्दामा लोडसेडिङ भइरहेको भन्दै समस्या समाधान गर्न आग्रह गर्नुभयो। त्यसअघि बैठकको सुरुमा नै नेकपा(एमाले)का सांसद भैरवसुन्दर श्रेष्ठले आइतबारको बैठकमा एक सांसदले संसदीय मर्यादा विपरीतको अभिव्यक्ति दिएको भन्दै त्यसलाई रेकर्डबाट हटाउन माग गर्नुभएको थियो। सभाध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आफूले आइतबारको उक्त अभिव्यिक्त सुनेर मात्रै आवश्यक निर्णय गर्ने जानकारी गराउनुभएको थियो।

## विश्व समाचार

### एक करोड ४० लाख व्यक्तिद्वारा राजा चार्ल्स तृतीयको राज्याभिषेक समारोह अवलोकन

लण्डन, २५ वैशाख (रासस/सिन्ह्वा)।

बेलायती राजा चार्ल्स तृतीयको राज्याभिषेक हेर्न एक करोड ४० लाखभन्दा बढी मानिस उपस्थित भएको बीबीसीले आइतबार जनाएको छ।

बीबीसी वनको मुख्य च्यानलमा एक करोड ३४ लाख दर्शकले अवलोकन गरेका थिए भने शनिबारको कार्यक्रम औसतमा एक करोड १९ लाखले हेरेका थिए।

बीबीसी टुमा हस्ताक्षर गरिएको संस्करणको मूल्य १७ लाख पुगेको छ, जुन औसतमा १४ लाख रहेको बीबीसीले जनाएको छ।

बेलायतमा ७० वर्षपछि पहिलो पटक आयोजना गरिएको शनिबारको राज्याभिषेक टेलिभिजनमा प्रसारण हुने दोस्रो र रङ्गीन श्रव्यदृश्यमा देखाइएको पहिलो राज्याभिषेक थियो।

तर यो आँकडाले विगतका प्रमुख शाही अवसरहरूमा समग्र अवलोकनको आँकडा निकै कम भएको सङ्केत गर्छ।

चार्ल्सकी आमासमेत रहनुभएका महारानी एलिजाबेथ द्वितीयाको गत वर्षको राजकीय अन्त्येष्टिले आधुनिक समयमा बेलायतको सबैभन्दा ठूलो टेलिभिजन दर्शकलाई आकर्षित गरेको थियो।

राजकीय अन्त्येष्टिलाई अनुमानित औसत दुई करोड ६२ लाख दर्शकले टीभी सेटमा मात्र हेरेका थिए, जुन बीबीसीमा एक करोड ८५ लाखसहित दुई करोड ८० लाख पुगेको थियो।

सन् २०११ मा चार्ल्सका छोरा राजकुमार विलियमको विवाहलाई बीबीसी टेलिभिजनमा दुई करोड ४० लाखभन्दा बढी दर्शकले हेरेका थिए।

सन् १९९७ मा, बेलायतमा तीन करोड २० लाखभन्दा बढी दर्शकले चार्ल्सकी पहिलो पत्नी र विलियमकी आमा राजकुमारी डायनाको अन्त्येष्टि हेरेका थिए।

एलिजाबेथको सन् १९५३ को राज्याभिषेकलाई टीभीमा पहिलो पटक देखाइएको थियो भने यसलाई प्रसारणमा एक सफलताको रूपमा हेरिने गरेको छ।

बकिङ्घम प्यालेसका अनुसार त्यतिबेला करिब दुई करोड ७० लाख मानिसले रेडियो सुनेका थिए भने एक करोड १० लाखले रेडियोमा सेवा सुनेका थिए। तर टीभी सेटको स्वामित्व भने कम थियो।

त्यतिबेला राज्याभिषेकको प्रत्यक्ष एक प्रसारणकर्ता बीबीसी थियो। त्यसपछि दर्जनौँ अधिक च्यानलहरू, साथै अनलाइन, अन-डिमान्ड र स्ट्रिमिङ सेवाहरूको साथ सञ्चारमाध्यमको परिदृश्य परिवर्तन भएको छ।

चार्ल्सको राज्याभिषेकलाई एलिजाबेथको राज्याभिषेकको दुई वर्षपछि मात्र सुरु भएको कमर्सियल च्यानल आईटीभी र स्काई न्यूजलगायत अन्य च्यानलले प्रत्यक्ष प्रसारण गरेका थिए। तिनीहरूको अवलोकनको आँकडा तुरुन्तै उपलब्ध थिएन।

### साउदीको अर्थतन्त्र ३.९ प्रतिशत बढ्यो

रियाद, २५ वैशाख, (रासस-सिन्ह्वा)।

साउदी अरबको वास्तविक कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वर्षको पहिलो त्रैमासिकमा ३.९ प्रतिशतले वृद्धि भएको छ। सामान्य प्राधिकरणले जारी गरेको प्रतिवेदनले सो बारे उल्लेख गरेको छ। प्रतिवेदनले यस वर्षको जनवरी र मार्चको बीचमा गैर-तेल गतिविधिहरूमा ५.८ प्रतिशत र तेल क्षेत्रमा १.३ प्रतिशत वृद्धि भएको देखाएको छ। यता मौसमी समायोजन वास्तविक जीडीपीको तथ्याङ्क अनुसार अघिल्लो त्रैमासिकको तुलनामा पहिलो त्रैमासिकमा १.३ प्रतिशतले घटेको थियो।

### भारतमा मिग विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु

नयाँ दिल्ली, २५ वैशाख, (रासस-एएफपी)।

भारतको पश्चिमी राज्य राजस्थानमा विमान दुर्घटना भई यहाँस्थित एउटा घरमा खस्दा दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार सोमबार मिग-२१ सैन्य विमान दुर्घटना भएको हो। "पाइलटलाई सकुशल उद्धार गरिएको छ। मिग एउटा घरमा खस्यो। दुई जनाको मृत्यु भएको छ। तीन जना घाइते भएका छन्," प्रहरी अधिकारी सुधीर चौधरीले पश्चिमी राज्य राजस्थानमा दुर्घटनापछि एएफपीलाई बताएका छन्। घटनाको विस्तृत विवरण सार्वजनिक हुन बाँकी छ।

### रूसी सेनालाई पराजित गर्ने : युक्रेनी राष्ट्रपति

कीभ, २५ वैशाख, (रासस-एएफपी)।

राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले सोमबार युरोप दिवस विजयको सम्झनामा दोस्रो विश्वयुद्धमा नाजी जर्मनीलाई पराजित गरे जस्तै युक्रेनमा रूसी सेनालाई पराजित गर्ने वाचा गरेका छन्।

"आधुनिक रूसले फिर्ता ल्याउने सबै पुरानो खराबीलाई नाजीवादलाई परास्त गरेजस्तै पराजित हुनेछ," जेलेन्स्कीले एक भिडियो बयानमा भनेका छन्- "जसरी हामीले त्यसबेला सँगै खराबीलाई नष्ट गर्यौं, हो त्यसैगरी हामी अहिले पनि त्यस्तै दुष्टलाई सँगै नष्ट गर्दैछौं।"

# काठमाडौंमा आर्थिक अपराधका घटनामा वृद्धि’

काठमाडौँ, २५ वैशाख (रासस) ।

काठमाडौँमा दिनानुदिन आर्थिक अपराधका घटना वृद्धि हुँदै गएका छन् । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले पछिल्लो समय काठमाडौँमा आर्थिक अपराधका घटनामा वृद्धि भएको बताउनुभएको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत सोमबार प्रहरीवृत्त दरबारमार्गले आयोजना गरेको ‘नागरिक सुनुवाइ कार्यक्रम’मा उहाँले पछिल्लो समय काठमाडौँभित्र आर्थिक अपराधसम्बन्धी ‘चेक बाउन्स’का घटनामा उजुरी बढेको बताउनुभएको हो । “काठमाडौँमा दैनिक ‘चेक बाउन्स’ सम्बन्धी ३० देखि ३५ उजुरी प्रहरीकामा आउने गरेको छ, मासिक झण्डै एक हजारभन्दा बढी उजुरी आउँछन्, आर्थिक अपराधका घटनाबाट सजग हुनुपर्छ”, उहाँले भन्नुभयो ।

डलर साटिदिन्छु, चिट्ठा पारिदिन्छु, राम्रो रोजगारीमा विदेश पठाइदिन्छु भन्दै ठगी गर्नेको सङ्ख्यासमेत बढेको उहाँको भनाइ छ । काठमाडौँ प्रहरी प्रमुख कार्कीले रात्रिकालीन व्यवसायलाई सुरक्षित र व्यवस्थित बनाउन आचारसंहिता बनाएर लागू गर्नुपर्ने उल्लेख गर्नुभयो ।

उहाँले काठमाडौँको ठमेल, चितवनको सौराहा र कास्कीको बैदाम क्षेत्रलाई २४सै घण्टा सञ्चालन गर्न विगतमा सरकारले योजना बनाएको भन्दै यस क्षेत्रलाई व्यवस्थितरुपमा सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

काठमाडौँ महानगरपालिका-२ का वडाअध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले समाजमा हुने अपराध न्यूनीकरण गर्दै शान्त वडा निर्माणका लागि महानगरपालिकाले काम गरिरहेको बताउनुभयो । ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले ठमेल क्षेत्रलाई व्यवस्थितरुपमा सञ्चालन गर्न व्यावसायिक आचारसंहिता बनाएर लागू गर्नुपर्ने बताउनुभयो ।

प्रहरीवृत्त दरबारमार्गका प्रमुख, प्रहरी नायब उपरीक्षक कोपिला चुँडालले ठमेल, दरबारमार्ग र लाजिम्पाट क्षेत्रलाई समृद्ध बनाउन यस क्षेत्रभित्र देखिएको विकृति अन्त्य गर्नुपर्ने बताउनुभयो । कार्यक्रमका सहभागीले ठमेल, दरबारमार्ग र लाजिम्पाट क्षेत्रको व्यवसायलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

# सर्वोच्च अदालतले रास्वपासँग माग्यो लिखित जवाफ

**दैनिक समाचारदाता**
**काठमाडौं, २५ बैशाख ।**

राष्ट्रिय स्वतन्त्र पार्टीका पूर्वसांसद ढाकाकुमार श्रेष्ठलाई पार्टीले गरेको कारबाहीविरूद्ध दिएको रिटमा सर्वोच्च अदालतले रास्वपासँग लिखित जवाफ मागेको छ ।

सोमबार सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले उनले दिएको रिटमा अल्पकालीन अन्तरिम आदेश दिएको छ ।

आदेशमा रास्वपाको केन्द्रीय आचरण तथा अनुशासन समितिलाई १५ दिनभित्र (बाटाको म्यादबाहेक) लिखित जवाफ दिन भनिएको छ ।

सर्वोच्चले निवेदकको मागबमोजिम अन्तरिम आदेश हुने/नहुने आगामी जेठ ५ गते छलफल हुने पनि बताएको छ ।

सर्वोच्चले यो विषयमा अर्को आदेश नभएसम्मका लागि रास्वपाले सांसद सिफारिस गरेकी विन्दाबासिनी कंसाकारको निर्णय पनि अघि नबढाउन भनेको छ ।

रास्वपाको सिफारिसमा कंसाकारलाई निर्वाचन आयोगले सांसद निर्वाचित भएको प्रमाणपत्र दिइसकेको छ ।

अदालतको आदेशसँगै आयोगले प्रमाणपत्र दिए पनि कंसाकारको तत्काल शपथ भने नहुने भएको छ ।

आफूलाई सांसद र पार्टीको साधारण सदस्यबाट हटाउने राष्ट्रिय स्वतन्त्र पार्टीको निर्णयविरूद्ध पूर्वसांसद ढाकाकुमार श्रेष्ठले रिट दिएका थिए । श्रेष्ठले आफूलाई सांसदमा पुनर्वहाली गर्न माग गरेका थिए ।

मन्त्री हुन मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड रूपैयाँ मागेको भन्दै श्रेष्ठलाई रास्वपाले समानुपातिक सांसद र पार्टी साधारण सदस्यबाट हटाएको थियो । श्रेष्ठलाई सांसदबाट हटाइएको सूचना सभामुख देवराज घिमिरेले संसदमा पढेर सुनाइसकेका छन् ।

## कोशी प्रदेशको पुनः ...

नेता हिँड्ने बाटो, बस्ने होटल, खाने स्थानदेखि उनीहरु सहभागी हुने कार्यक्रम तथा बैठक स्थलहरुमा विरोधको कार्यक्रम गरिने किराँत राई यायोक्खाका अध्यक्ष जीवन हाताचो राईले बताए ।

नेताहरुलाई होटलमा बस्न र कार्यक्रम गर्न हल नदिनका लागि सम्बन्धित पक्षहरुलाई अनुरोध गर्ने समेत उनले जानकारी दिए । त्यस्तै, वैशाख २८ गतेदेखि जिल्लाहरुमा आमसभा, संघर्ष समिति बिस्तार, तालाबन्दी, कोशी नाम हटाउने, जलाउने, मेट्ने, कालो झण्डा रोप्ने र ८२ जना सांसदलाई बहिष्कार कार्यक्रम जारी राख्ने जनाइएको छ ।

आन्दोलनका अन्य कार्यक्रमहरुमा जेठ २ गतेदेखि ५ गतेसम्म कोशी प्रदेशका १४ वटै जिल्लाका मुख्य स्थानमा जनजागरण अभियानलाई तीव्रता दिने, जेठ दोस्रो हप्ता संघर्ष समितिका केन्द्र, जिल्ला र स्थानीय निकायका सबै नेतृत्व पंक्तिको वृहत् भेला आयोजना गर्ने, आन्दोलनलाई व्यवस्थित गर्न ‘पहिचानका लागि युवा’ शक्ति निर्माण गर्ने र प्रदेश सभा केन्द्रित विशाल जनप्रदर्शनको तयारी गर्ने अध्यक्ष राईले जानकारी दिएको रातोपाटीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**डाक्नेश्वरी नगरपालिका, सप्तरी**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं ।
डढेलोले,
➢वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
➢वातावरणीय प्रदूषण बढाउँछ,
➢बाढीपहिरो तथा भूक्षय बढाउँछ,
➢पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु→
iPay remit · City Express Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*